साङ्केतिक भाषा दोभासे (Sign Language Interpreter) सेवा खरिदका लागि प्रस्ताव आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१२)

तुलसीपुर उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयलको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार विभिन्न बैठक, गोष्ठी, सेमिनार, अभिमुखीकरण तथा सरोकारवालाहरूसँगको संवादमा साङ्केतिक भाषा अनुवाद एवं कार्यालयमा रहने अपाङ्गता सहायता कक्षमा रही सेवाग्राहीहरुलाई सहजिकरण गर्ने कार्यका लागि सेवा करारमा **साङ्केतिक भाषा दोभासे (Sign Language Interpreter)** खरिद गर्नुपर्ने भएको छ। यस कार्यका लागि योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट रीतपूर्वकको प्राविधिक तथा आर्थिक प्रस्ताव (Proposal) आह्वान गरिन्छ ।

आवश्यक न्यूनतम योग्यता र कागजातहरूः

१. मान्यता प्राप्त संस्थाबाट साङ्केतिक भाषा दोभासे सम्बन्धी न्यूनतम **६ महिना**को तालिम प्राप्त गरेको वा साङ्केतिक भाषा सम्बन्धी औपचारिक शैक्षिक योग्यता भएको।
२. साङ्केतिक भाषा दोभासेको रूपमा सरकारी, गैरसरकारी वा राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थामा कम्तीमा **१ (एक)** वर्ष कार्य अनुभव भएको अनुभव पत्र पेस गर्नुपर्ने ।
३. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
४. स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्रको प्रतिलिपि।
५. विस्तृत व्यक्तिगत विवरण (CV)।

कार्यक्षेत्र (Terms of Reference - TOR):

१. कार्यालयले आयोजना गर्ने कार्यक्रमहरूमा नेपाली साङ्केतिक भाषाबाट नेपाली/अंग्रेजी भाषामा र नेपाली/अंग्रेजी भाषाबाट नेपाली साङ्केतिक भाषामा तत्काल अनुवाद (Interpretation) गर्नुपर्ने।
२. अपाङ्गता भएका व्यक्ति वा बहिरा समुदायका सरोकारवालाहरूसँग कार्यालयले गर्ने बैठक वा सार्वजनिक सुनुवाइमा सहजकर्ताको रूपमा सहयोग गर्नुपर्ने।
३. कार्यालयमा रहने अपाङ्ग सहायता कक्षमा रही कार्यालयमा आउने सेवाग्राहीलाई सहजिकरण गर्ने ।

प्रस्ताव पेस गर्ने प्रक्रियाः

- ✓ इच्छुक व्यक्ति वा संस्थाले विस्तृत कार्यविवरण (TOR) यस कार्यालयको वेबसाइट www.tulsipurmun.gov.np बाट प्राप्त गर्न सक्नेछन्।
- ✓ आफ्नो प्राविधिक योग्यता (प्रमाणपत्र र कार्य अनुभव) तथा प्रतिघण्टा वा प्रतिदिनको सेवा शुल्क (आर्थिक प्रस्ताव) स्पष्ट खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र दिनको १२:०० **बजेसम्म** यस कार्यालयमा सिलबन्दी प्रस्ताव पेस गर्नुपर्नेछ।
- ✓ म्याद नाघी वा सर्त नपुगी आएका प्रस्तावहरू स्वीकार गरिने छैन।
- ✓ प्रस्ताव स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।